# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५] काठमाडौं भाद्र ५ गते २०१२ साल [अतिरिक्ताङ्क २

## भाग १

### गृहविभागको सूचना

५
गृ फु ३५८९ | १२-५-३-१

वर्षदिनको निमित्त नेपाल चारभन्ज्याङ्गभित्र परेका डाँका चोरी शान्त गर्न र परिरहेका डाँका चोरी इत्यादि मामिलाहरू चाँडो किनारा लगाई बदमासहरू-लाई सजाय दिन र डर त्रास हटाउनको लागि २०१२साल आषाढ ६ गते संख्या ४४ भाग १ को गजेटमा प्रकाश भएको ऐनमा लेखिएबमोजिम सरकारले तोकेको मैजिष्ट्रेट; प्रधान न्यायाधीशका सल्लाहले तोकिने अपील अड्डाको हाकिम तथा कमिश्नर समेत भै ३ जवानको विशेषअदालत रहने भएकोमा मैजिष्ट्रेटमा काठ-माडौं मैजिष्ट्रेट र अपील अड्डाको हाकिमको सट्टामा प्रधान न्यायाधीशका सल्लाह-अनुसार श्रीउपेन्द्रराजलाई कायम गरी २०१२ साल भाद्र ५ गते रोज १ का दिन-देखि काम चालू गर्ने भन्ने सरकारबाट निर्णय भएकोले सोबमोजिम गर्न संबन्धित विभाग तथा सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले —

श्रीवत्सराज शर्मा, का. मु सेक्रेटरी-गृहविभाग.

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

३२